

# बजार अवलोकन ४१

बैशाख, २०६९


**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च


WFP wfp.org FNCCI

## मुख्य बुँदाहरु

- ***२०६९ बैशाख-जेठ अवधिमा देशभर भएको लामो बन्द (आम हडताल) को फलस्वरुप गत एक महिनाको अवधिमा विभिन्न बजारहरुमा गरिएका खाद्य बस्तुहरुको अनुगमनले खुद्रा मूल्यहरुमा बृद्धि भएको देखाएको छ ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित रिपोर्ट अनुसार २०६९ बैशाख महिनामा वार्षिक मूल्य स्फीती ७.५ प्रतिशतमा कायम रह्यो । खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १७.३ प्रतिशत बृद्धिको तुलनामा मात्र ४.६ प्रतिशतले बृद्धि भयो ।***
- ***२०६९ बैशाख-जेठ अवधिमा विभिन्न संघसंस्थाहरुले श्रृंखलाबद्ध रुपमा आव्हान गरेको बन्दले यातायात र बजार सञ्चालनमा वाधा पुर्‍यायो जसले विशेष गरी पहाडी तथा हिमाली जिल्लाहरुमा खाद्यान्न लगायत अन्य अत्यावश्यक बस्तुहरुको अभाव सृजना भयो ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमति रुपमा अनुगमन गरिने बजारहरुमा खाद्य बस्तुहरुको मूल्यले गत एक महिनामा बढ्दो प्रवृति (trend) देखायो । मोटा चामल र गहुँको पिठोको राष्ट्रिय औसत मूल्य क्रमशः ४.१ प्रतिशत र १.८ प्रतिशतका दरले बृद्धि भई प्रति किलो क्रमशः रु. ३३.९ र रु. ३४.५ भयो । मास र मुसुरोको मूल्य क्रमश ५.० प्रतिशत र १.९ प्रतिशतका दरले बृद्धि भई क्रमशः रु. ११२.२ र रु. ९४.५ भयो । यसैगरी, भटमासको तेलको मूल्य ६.४ प्रतिशतका दरले बृद्धि भई प्रति लिटर रु. १४२.१ भयो । रातो आलु र कुखुराको मासुको मूल्य क्रमश ३७.१ प्रतिशत र १३.५ प्रतिशतका दरले तीव्र रुपमा बृद्धि भई प्रति किलो क्रमशः रु. ३२.६ र रु. ३०७.५ भयो । २०६८ माघ महिनाको तुलनामा खाद्य बस्तुहरुको मूल्यहरुले बढ्दो प्रवृति देखाएका छन् भने २०६८ बैशाखको तुलनामा मूल्यहरुले मिश्रीत प्रवृति देखाएका छन् ।

क्षेत्रीय बजारहरुको खाद्य बस्तुहरुको मूल्य राष्ट्रिय प्रवृति भन्दा केही भिन्न छ । मोटा चामलको मूल्यले पहाडी तथा हिमाली र तराईका बजारहरुमा बढ्दो प्रवृति देखायो भने मुख्य उपभोक्ता बजारमा यसको मूल्यले घट्दो प्रवृतिको संकेत गर्‍यो । २०६८ बैशाखको तुलनामा सम्पूर्ण बजारहरुमा केही अपवाद वाहेक प्राय खाद्य बस्तुहहरुको मूल्यले घट्दो प्रवृति देखाए । उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा अपवादस्वरुप मोटा चामलको मूल्य वाहेक अन्य खाद्य बस्तुहरुको मूल्यले बढ्दो प्रवृति देखाए ।

नेपाल राष्ट्र बैंक द्वारा हालै प्रकाशित समग्र (Macro) आर्थिक अवस्थाको प्रतिवेदन अनुसार, २०६९ बैशाख महिनामा वार्षिक मूल्य स्फीती ७.५ प्रतिशतमा कायम रह्यो । गत वर्ष यही समयको १७.३ प्रतिशत बृद्धिको तुलनामा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क ४.६ प्रतिशतका दरले मात्र बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्क १३.४ प्रतिशत बृद्धिको तुलनामा ३.० प्रतिशतले घट्यो । यद्यपि, यातायातको मूल्य सूचकाङ्क भने गत वर्ष यही समयमा भएको ११.४ प्रतिशत बृद्धिको तुलनामा २०६९ बैशाख महिनामा १७.८ प्रतिशतले बृद्धि भयो ।

### आपूर्ति

२०६९ बैशाख-जेठ अवधिमा देशभर श्रृंखलाबद्ध रुपमा बन्द (आम हडताल) का कार्यक्रमहरु भए । सुदुर पश्चिमाञ्चल, पूर्वाञ्चल र तराई क्षेत्रमा सापेक्षिक रुपमा बन्दको प्रभाव बढी पर्‍यो जसले गर्दा प्रभावित क्षेत्रका बजारहरुमा विभिन्न खाद्यबस्तुहरु लगायत औषधी जस्ता अत्यावश्यक बस्तुहरुको अभाव सृजना भयो । जसको फलस्वरुप धेरै बस्तुहरुको मूल्यमा तीव्र बृद्धि भयो । विश्व खाद्य कार्यक्रमका फिल्ड मनिटरहरुका अनुसार, पहाडी क्षेत्रका काठमाडौ र पोखरा जस्ता मुख्य उपभोक्ता बजारहरुमा ताजा तरकारीहरुको मूल्य ५० प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने लामो समय सम्म भएको बन्द र बन्दकर्ताहरुले गरेको सडक अवरोधका कारण तराईका कृषकहरुले टिप्न तयारी अवस्थामा भएका तरकारीहरु बेच्न सकेनन् । आम हडतालको अवधिमा दैनिक ज्यालादारी कामदारहरुले पनि अस्थाइ रुपमा उनीहरुको रोजगारी गुमाए । यद्यपि, विभिन्न संघसस्थाहरुले बन्द फिर्ता लिए पश्चात अवस्था सामान्य हुदै गएको छ ।

### पूर्वानुमान


आपूर्ति अवस्था सामान्य भएको हुनाले धेरै खाद्य बस्तुहरुको मूल्य स्थिर रहने अनुमान छ । यसका साथै, आउँदा केही महिनाहरुमा मोटा चामल जस्ता बाली भिञ्चाउने मौसम नभएका खाद्य बस्तुहरुको मूल्यमा बृद्धि हुने अनुमान छ । भारतमा हालै ईन्धनको मूल्यमा भएको बृद्धिले नेपालमा पनि ईन्धनको मूल्यमा बृद्धि गराउने अनुमान छ जसले यातायात लागतमा बृद्धि गराई खाद्यान्न मूल्यमा समेत बृद्धि हुने अनुमान छ ।

हिउँदे बालीको राम्रो उत्पादनले खाद्य सुरक्षा अवस्थामा सुधार ल्याउने अनुमान छ । नेपालमा सामान्यतया मनसुनी वर्षा सुरु हुने समयमा एक हप्ता भन्दा बढी ढिलाई भएमा विशेष गरी पहाडी तथा हिमाली क्षेत्रमा हुर्कदै गरेको मकै बाली प्रभावित हुने अनुमान छ ।


**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| आलु | ३२.६ | ३७.१ | लामो बन्द हडतालका कारण आपूर्तिमा आएको तीव्र कमी |
| कुखुराको मासु | ३०७.० | १३.५ | लामो बन्द हडतालका कारण आपूर्तिमा आएको तीव्र कमी |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युत्य ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०६९ बैशाख महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- बैशाख, २०६९

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३६.० | २.९ | २.९ | ५.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | २.९ | २.९ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३३.० | ०.० | ०.० | १४.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २५०.० | ४.२ | ३१.६ | २.० | ▶ | ▲ | ▶ |
| | तोरीको तेल | १३९.० | ३.० | १.५ | १५.८ | ▶ | ▶ | ▲ |
| | मास | १०५.० | ०.० | ०.० | -८.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८३.० | ०.० | ०.० | -१२.६ | ▶ | ▶ | ▶ |
| | आलु | ३२.० | ४५.५ | ३३.३ | ५२.४ | ▲ | ▲ | ▲ |
| पोखरा | मोटा चामल | ४२.० | -४.५ | -६.७ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ६.१ | ६.१ | -७.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ६.१ | १२.० | २१.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३१०.० | ०.० | ४७.६ | १९.२ | ▶ | ▲ | ▶ |
| | तोरीको तेल | १६०.० | ३.२ | ६.७ | १५.९ | ▶ | ▶ | ▲ |
| | मास | ११२.० | ६.७ | ६.७ | १.८ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८७.० | १.२ | २.४ | -५.४ | ▶ | ▶ | ▶ |
| | आलु | ३२.० | ३४.५ | २८.० | ६६.७ | ▲ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३१.० | १०.७ | १.१ | ०.० | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | ४.६ | ४.७ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४१.७ | १.२ | १८.१ | ३४.९ | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | ३८०.० | ५२.० | १११.१ | ४३.४ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १६३.३ | १२.६ | १६.७ | २५.६ | ▲ | ▲ | ▲ |
| | मास | ९६.७ | ११.५ | -१२.१ | ७.४ | ▲ | ▼ | ▶ |
| | मुसुरो | ६८.३ | -६.८ | -४.६ | -८.९ | ▼ | ▶ | ▶ |
| | आलु | २४.० | ७१.४ | ८४.६ | ५०.० | ▲ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३२.० | ०.० | १०.३ | -११.१ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | २८.० | -१७.६ | -६.७ | ३.७ | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | १४८.० | ७.२ | १०.४ | २५.४ | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | २६०.० | ८.३ | १८.२ | ८.३ | ▲ | ▲ | ▶ |
| | तोरीको तेल | १६०.० | ३.२ | १०.३ | २३.१ | ▶ | ▲ | ▲ |
| | मास | ९४.० | -५.१ | -६.० | -४.१ | ▼ | ▶ | ▶ |
| | मुसुरो | ७४.० | -१.३ | -१.३ | -१२.९ | ▶ | ▶ | ▶ |
| | आलु | २०.० | ०.० | ४२.९ | ३३.३ | ▶ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| धनगढी | मोटा चामल | २५.० | ०.० | -३१.३ | -३०.६ | ▶ | ▼ | ▼ |
| | गहुँको पिठो | २६.० | १८.२ | -१८.८ | -१३.३ | ▲ | ▼ | ▶ |
| | भटमासको तेल | १२०.० | ३३.३ | ०.० | २०.० | ▲ | ▶ | ▲ |
| | कुखुराको मासु | २५०.० | १३.६ | ७८.६ | ०.० | ▲ | ▲ | ▶ |
| | तोरीको तेल | १४४.० | -४.० | ०.० | १०.८ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | १४.३ | -१२.४ | -९.८ | ▲ | ▼ | ▶ |
| | मुसुरो | ८०.० | -२३.१ | -३०.४ | -१५.८ | ▼ | ▼ | ▼ |
| | आलु | ३०.० | १३०.८ | १००.० | ६६.७ | ▲ | ▲ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३०.० | ११.१ | ७.१ | -९.१ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३७.० | ०.० | २.८ | ५.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४५.० | ०.० | ७.४ | २०.८ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | १६.७ | १६.७ | ▶ | ▲ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | १६.७ | ४०.० | ७५.० | ▲ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ३३.० | ०.० | ३.१ | -१३.२ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | १४.३ | १४.३ | -३८.५ | ▲ | ▲ | ▼ |
| | भटमासको तेल | १४५.० | ३.६ | ३.६ | ११.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | ३.७ | ३.७ | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ९.१ | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | १०.५ | ५.० | -१९.२ | ▲ | ▶ | ▼ |
| | आलु | २८.० | १२.० | -२०.० | -३०.० | ▲ | ▼ | ▼ |
| साँफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | १४.३ | १४.३ | १४.३ | ▲ | ▲ | ▶ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | १२.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १८०.० | १२.५ | ५.९ | २८.६ | ▲ | ▶ | ▲ |
| | मास | १३०.० | ८.३ | ८.३ | ८.३ | ▲ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ६६.७ | ४२.९ | ६६.७ | ▲ | ▲ | ▲ |
| जुम्ला | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| बाजुरा | मोटा चामल | ३४.० | १७.२ | ६.३ | -५.६ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | १६.१ | २.९ | ०.० | ▲ | ▶ | ▶ |
| | सीमी | १००.० | ०.० | ०.० | -१६.७ | ▶ | ▶ | ▼ |
| | मास | १२०.० | २०.० | ९.१ | १४.३ | ▲ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | २०.० | ९.१ | १४.३ | ▲ | ▶ | ▶ |
| | आलु | ४०.० | ३३.३ | ३३.३ | ३३.३ | ▲ | ▲ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २२०.० | -८.३ | -८.३ | -४.३ | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | सीमी | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ४०.० | ३३.३ | ३३.३ | ३३.३ | ▲ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | ९०.० | ०.० | ०.० | -५.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १३०.० | ०.० | ०.० | १८.२ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | २००.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | सीमी | २००.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | मास | २००.० | ०.० | ०.० | १७.६ | ▶ | ▶ | ▲ |
| | मुसुरो | २००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | ०.० | -१२.५ | -१२.५ | ▶ | ▼ | ▶ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ। थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ।

यो परियोजना युरोपीयन युनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ। यस बुलेटिनमा प्रकासित विचारहरुले युरोपीयन युनियनको विचारहरुलाई प्रतिविम्बित गर्दछ भन्ने कूनै जरुरी छैन।